पालुङ क्याम्पस पढ्नेलाई बसको सुविधा । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२२५०७२
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१३, ● अंक-३० ● २०७७ माघ २६ गते सोमबार, ● 08 Feb.. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# पालुङ क्याम्पसमा आकर्षण बढ्दै

विकास संवाददाता
थाहा नगर

मकवानपुर थाहा नगरपालिकामा रहेको पालुङ बहुमुखी क्याम्पसमा थप सेवा सुविधासहित अध्यापन थालिने भएको छ । शैक्षिक वर्ष २०७७/०७८ को स्नातक तह प्रथम वर्षको भर्ना खुलेसंगै क्याम्पसले यस्तो कार्यक्रम अघि सारेको हो । उत्तरी मकवानपुरकै एक मात्र क्याम्पसमा विद्यार्थीलाई आकर्षित गराउनको लागि क्याम्पसले प्रदान गर्ने सेवाहरूमा समेत नयाँ आकर्षण ल्याइएको क्याम्पस संचालक समितिका अध्यक्ष विष्णु विष्ट 'आदर्श'ले प्रतिक्रिया दिए ।

क्याम्पसको शैक्षिक गुणस्तरलाई थप प्रभावकारी रूपमा अघि बढाउने योजनासहित अघि बढिरहेको क्याम्पस प्रमुख रामहरी अधिकारीले बताए । पालुङ क्याम्पसको शैक्षिक गुणस्तरमा पहिलेबाटै कुनै कसर बाँकी नराखेको बताउँदै प्रमुख अधिकारीले अझ समयको मागसंगै थप प्रभावकारी बनाएर लैजाने उद्घोष गरे । क्याम्पसमा अनुभवी प्राध्यापकहरू रहेको बताउँदै शान्त वातावरणमा अध्यापन हुने भएकोले पनि क्याम्पसमा विद्यार्थीहरूको आकर्षण थप बढ्ने प्रतिक्रिया दिए । क्याम्पसले पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकहरू गरी ३ देखि ५ वटासम्म पुस्तक उपलब्ध गराउने गरी क्याम्पसले तयारी गरिरहेको अधिकारीले बताए । पालुङ क्याम्पसले वर्षमा कम्तिमा २ वटा आन्तरिक परीक्षा र विषय शिक्षकहरूले कक्षागत रूपमा इकाई परीक्षा संचालन गर्ने गरेको क्याम्पसले जनाएको छ । क्याम्पसमा अनुसन्धानमुलक अध्यापनका क्रममा श्रव्य दृश्य कक्षाहरू समेत संचालन गर्ने गरेको प्रमुख अधिकारीले बताए । क्याम्पसले अनुसन्धानमुलक विद्यार्थी भ्रमणका कार्यक्रमहरू समेत तय




गरेको उनको भनाइ छ । विद्यार्थीलाई छात्रवृत्ति कोष तथा दातृ निकायबाट समेत छात्रवृत्तिको लागि पहल गरिरहेको अधिकारीले बताए । उनले भने- 'क्याम्पसको आन्तरिक श्रोतबाट पनि छात्रवृत्ति कसरी दिन सकिन्छ भनेर छलफल भैरहेको छ ।'

पालुङ बहुमुखी क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरूले अन्यत्र जस्तो खँचाखच बसेर पढ्नु पर्ने बाध्यता छैन । यहाँ आधारभूत रूपमा पूर्वाधार ठीक अवस्थामा रहेको प्राध्यापक राजन मिश्रले जानकारी दिए । तर पुर्वाधारलाई थप व्यवस्थित बनाउनको लागि क्याम्पस संचालक समितिले आवश्यक पहल गरि रहेको मिश्रको भनाइ छ । अन्यत्र भन्दा कम मासिक शुल्कमा पढ्न पाइने पालुङ क्याम्पसमा यस वर्ष पहिलो वर्षमा भर्ना हुनेको संख्या ६० पुऱ्याउने क्याम्पसले लक्ष लिएको छ । चालु शैक्षिक सत्रमा ५२ जना भर्ना भएका थिए । पालुङ क्याम्पसमा अध्ययन गर्नेहरू राजनीतिक नेता, पत्रकार, तथा विभिन्न वित्तिय संस्थाहरूको समेत प्रमुख भएर काम गरिरहेको बताउँदै प्रमुख अधिकारी गुणस्तरीयतामा कुनै शंकै नगरी निर्धक्क भएर भर्ना हुन आग्रह गरेका छन् । स्थानीय संघसंस्थादेखि विदेशमा समेत पालुङ क्याम्पसमा अध्ययन गरेका विद्यार्थीहरूले स्थान पाएको अधिकारीको भनाइ छ । यसवर्षबाटै बज्रवाराही क्षेत्रबाट विद्यार्थीलाई क्याम्पस आउनको लागि बसको समेत व्यवस्था गरिने प्रमुख अधिकारीले बताए । भौगोलिक रूपमा टाढा रहेका विद्यार्थीहरूलाई क्याम्पससम्म ल्याउनको लागि बस व्यवस्थापन गर्न जनकल्याण मावि तथा थाहा नगरपालिकासंग प्रक्रिया अघि बढायएको अधिकारीले बताए ।

आर्थिक रूपले पालुङ क्याम्पस कमजोर भएपनि थाहा नगरपालिकाले अभिभावकत्व लिएको कारण क्याम्पस संचालनमा केही सहजकता भएको अध्यक्ष विष्णु विष्टले बताए । पालुङ क्याम्पसको लागि नगरपालिकाले वार्षिक रूपमै सहयोग गर्ने गरेको विष्टको भनाइ छ । वार्षिक ६५ देखि ७० लाख खर्च हुने गरेको पालुङ क्याम्पसको आर्थिक स्रोत भनेको विद्यार्थी, थाहा नगरपालिका, अक्षयकोषको ब्याज विश्व विद्यालय अनुदान आयोग तथा विभिन्न दाता र सयोगीहरू हुन् । क्याम्पसको ६५ लाख रूपियाँ अक्षय कोष रहेको छ भने त्रिभुवन विश्वविद्यालयको अक्षयकोषमा पनि रकम राखिएको छ । त्यसबाट पनि ब्याज आउने प्रमुख अधिकारीले बताए । क्याम्पसले दीर्घकालिन योजना पनि बनाउँदै गरेको अध्यक्ष विष्टको भनाइ छ । क्याम्पसलाई आफै संचालन हुन सक्ने गरी आर्थिक स्रोतको दीर्घकालिन व्यवस्थापनका लागि योजना बनाएर काम अघि बढाइएको अध्यक्ष विष्टको भनाइ छ । ग्रामिण क्षेत्रमै स्थापना भएको क्याम्पसले यहाँका उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरूलाई महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको विष्टको भनाइ छ ।

१३ जना प्राध्यापक रहेको पालुङ बहुमुखी क्याम्पसमा ३ जना बाहेक अरू सबै आंशिक प्राध्यापक रहेका छन् । क्याम्पसमा अरू ३ जना कर्मचारी समेत रहेका छन् । वि.सं. २०५३ सालमा मकवानपुर बहुमुखी क्याम्पसको विस्तारित कार्यक्रमको रूपमा स्थापना भएको पालुङ बहुमुखी क्याम्पसलाई वि.सं. २०६० सालमा त्रिभुवन विश्वविद्यालयबाट मानविकी तथा व्यवस्थापन संकाय संचालन गर्न सम्बन्धन प्राप्त भएको पालुङ क्याम्पस २०६५ सालसम्म घट्टेचौरमा संचालन हुँदै आएकोमा त्यसपछि थाहा-३ को खेल्पुडाँडामा रहेको आफ्नै भवनमा अहिले अध्यापन भैरहेको छ । क्याम्पसमा नियमित कक्षा, मजबुत व्यवस्थापनका कारण अहिले अभिभावकको चासो बढ्दै गएको छ ।

## सम्वृद्धिको पहिलो आधार शिक्षा-विष्ट



◆ विकास संवाददाता

गाउँ शहर सम्वृद्धिको पहिलो आधार शिक्षा नै भएको थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टले बताएका छन् । थाहानगरका सबै विद्यालयको शैक्षिण गुणस्तरमा सुधार आएको बताउँदै अझै गुणस्तरमा निखारता ल्याउन पालिकाले काम गरिरहेको बताए । थाहा-३ को जनकल्याण माविको ५३ औं वार्षिक उत्सवको अवसरमा प्रमुख विष्टले यस्तो बताएका हुन् ।

कार्यक्रममा नगर शिक्षा समितिका संयोजक तथा वडा नम्बर ६ का वडा अध्यक्ष शशिधर सुवेदीले विद्यालयको शैक्षिक गुणस्तर सुधार्नका लागि प्रधानाध्यापकको ८० प्रतिशत र बाँकी अन्य शिक्षकको भुमिका हुने बताए र सुवेदीले शिक्षकले चाहेमा शैक्षिक गुणस्तर सुधारमा महत्वपूर्ण फड्को मार्न सक्ने बताए । उनले थाहानगरका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तरमा तुलनात्मक रूपमा सुधार भैरहेको धारणा राखे ।

विद्यालयको वार्षिक उत्सवको अवसरमा १० जना विद्यार्थीलाई झलकचन्द्र शिक्षा ज्योति कोषवाट छात्रवृत्ति प्रदान गरिएको थियो । विद्यालयको संस्थापक अध्यक्ष झलकचन्द्र बिष्टको स्मृतिमा छोरा सुवासचन्द्र बिष्टले ४ लाखको अक्षयकोषको स्थापना गरेका छन् । अक्षयकोषको व्याज वापत प्राप्त रकमले छात्रवृत्ति प्रदान गरिएको हो । कोषका संरक्षक बिमलकुमार विष्टले अक्षयकोषलाई बढाएर १५ लाख रूपैया

बाँकी पेज ५ मा

## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

## नेपाल सरकारको सूचना !

लैङ्गिक हिंसाको प्रतिबद्धता:
व्यक्ति, समाज र सबैको ऐक्यबद्धता

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## आयुर्वेद उपचार विधि निरोगीताको अर्को बाटो

जडिबुट्टिको प्रयोगबाट गरिने उपचार पुरानो विधि हो । मानव सभ्यताको विकासका शुरुका दिनहरुमा हाम्रा घर आँगन वरिपरि र वन पाखामा रहेका जडीबुटीमार्फत बिरामीहरुको उपचार गरिन्थ्यो। विज्ञान र प्रविधिको तीब्र विकासबाट स्वास्थ्य क्षेत्र पनि अछुतो रहन सम्भव थिएन। त्यसैको प्रभावस्वरुप आयुर्वेदको साटो एलोपेथिक चिकित्सा पद्धति लोकप्रिय हुन पुग्यो। तर अहिले पनि कैयौं रोगहरुको निदानमा एलोपेथिकभन्दा आयुर्वेदिक औषधिको प्रभावकारिता बढी छ तर आयुर्वेदको महत्व र उपयोगितालाई जनमानससमक्ष बुझाउन, पुऱ्याउन सकिएको छैन। अहिले निकै ढिलोगरी नै किन नहोस् आयुर्वेदिक उपचार पद्धतिमा ध्यान दिन थालिएको छ। सरकारले पालिकाहरुमा आयुर्वेदिक उपचार सेवा शुरु गर्ने प्रयास थालेको छ। यसलाई सकारात्मक नै मान्नुपर्छ। यसै सन्दर्भमा थाहा नगरपालिकामा पनि नारायणी अञ्चल आयुर्वेदिक अस्पतालले नागरिक आरोग्य सेवा केन्द्र शुभारम्भ भएको छ । आयुर्वेदमा मुख्यतः जडीबुटीको उपयोग र प्रयोग गरिन्छ। नेपालमा आयुर्वेदिक जडीबुटीको अपार स्रोत र सम्भावना छ। यसको उपयोग गर्न सकियो भने अर्बौं रकम आयआर्जन गर्न सकिन्छ। हाम्रो ध्यान त्यसतर्फ नभएर विदेशी पाश्चात्य जीवनशैलीप्रति आकर्षण बढिरहेको छ।

अहिले मानिसहरुको खानपान, रहनसहन र विषाक्त वातावरणका कारण दीर्घ रोगीहरुको संख्या दिन प्रतिदिन बढिरहेको छ। स्वस्थ र निरोगी भएर बाँच्नका लागि जीवन जिउने कला सिक्नुपर्छ। त्यसका लागि योग र आयुर्वेदजस्तो प्रभावकारी विधि अर्को कुनै छैन। त्यसैले यससम्बन्धी जागरण घर–घरमा पुऱ्याउन जरुरी छ। बालबालिकाहरुलाई सानै उमेरमा दिइएको शिक्षा बढी प्रभावकारी र बोधगम्य हुने भएकोले त्यसैढंगको शिक्षा दीक्षा दिन जरुरी छ। झण्डै एक वर्ष अगाडिदेखि शुरु भएको कोरोना महामारीबाट बच्नका लागि विभिन्न आयुर्वेदिक जडीबुटीहरुको उपयोग प्रभावकारी देखिएको हाम्रो आफ्नै अनुभव छ। यो अवधिमा कोभिड–१९ बाट बच्नका लागि लहरेगुर्जो, तुलसी, कागति, अदुवा, बेसारलगायत हाम्रा घर आँगनमा पाइने जडीबुटीको उपयोग गर्नुपर्ने चेतना नागरिकस्तरमा तीब्ररुपमा विस्तारित भयो। कोभिड–१९ को उपचार सम्भव नभएको समयमा यसबाट बच्न र बचाउनका लागि आयुर्वेद चिकित्सा प्रभावकारी बनेकोले यसको महत्व कति छ भन्ने प्रष्ट भएको छ। शरीरलाई निरोगी राख्दै रोग प्रतिरोधात्मक क्षमता बढाउनका लागि आयुर्वेद अत्यन्तै भरपर्दो र उपयोगी चिकित्सा पद्धति हो। त्यसैले होला, यसको महत्वलाई राज्य र जनस्तरबाट स्वीकार गर्न थालिएको छ। हाम्रै घर आँगन, वन, पाखा पखेरामा पाइने जडीबुटीहरुको पहिचान गरी तिनको उपयोगमा जोड दिनुपर्छ। राज्य र नागरिकस्तरबाट पहलकदमी लिइयो भने आयुर्वेदिक औषधि कारखानाहरु स्थापना गर्न सकिन्छ। यसका लागि धेरै ठूलो रकम लगानी गर्नुपर्ने हुँदैन। मुख्य कुरो सोच र चिन्तनको हो। नेपालमा आयुर्वेदको उपयोग र विस्तारको प्रचूर सम्भावना छ। यसतर्फ ध्यान पुऱ्याउन सकियो भने एलोपेथिक औषधिको सेवन वा उपयोगको मात्रा धेरै कम गर्न सकिनेछ। नागरिकको स्वास्थ्य र जीवन रक्षा गर्ने काम कति महत्वपूर्ण छ भन्ने पाठ कोभिड महामारीले हामी सबैलाई सिकाएको छ। प्रकृति र जीवन घनिष्टरुपमा अन्तरसम्बिन्धत छन्। तसर्थ आयुर्वेदाई आत्मसात गर्न सक्यौं भने हाम्रो जीवन स्वस्थ र निरोगी बन्ने कुरामा दुई मत छैन ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभञ्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# गुणस्तरीय शिक्षा आजको आवश्यक्ता



राजन मिश्र

शिक्षित व्यक्ति र जनशक्तिको पूर्ण परिचालनबाट मात्र कुनै पनि राष्ट्र र समाजको सम्पूर्ण उन्नति प्रगति सम्भव हुन्छ । आजको युग ज्ञान र प्रविधिको युग मानिन्छ प्राविधिक ज्ञान हासिल गर्नु आजको समयमा अपरिहार्य नै भइसकेको छ । यस कारण पनि हरेक राष्ट्रले आफ्नो कुल बजेटको सबैभन्दा बढी अंश शिक्षामा खर्च गर्नु पर्ने देखिन्छ । नेपाल सरकारले विकास वजेटको अनुपातमा नै शिक्षामा खर्च गर्दै आइरहेको छ । तर यसबाट सोचे अनुसारको प्रतिफल प्राप्त गर्न सकिरहेको भने छैन । शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाई विश्वबजारमा प्रतिश्पर्धा गर्ने उद्देश्यबाट प्रोरित भइ त्यस्ता रकमहरू शिक्षा मन्त्रालय र शिक्षासंग सम्वन्धित विभिन्न स्थानीय तहका कार्यालयहरूको मातहत तथा सहकार्यमा शैक्षिक गुणस्तर वृद्धि सम्बन्धि कार्यक्रमहरू सञ्चालनमा आएका छन् । त्यस्ता कार्यक्रमहरू कतिपय शिक्षकहरू सग सम्बन्धित छन भने कयौं विद्यार्थीहरूसग प्रत्यक्ष रूपमा जोडिएर गुणस्तरीय शिक्षा प्राप्त गर्न अभिप्रेरीत गरिरहेको छ ।

गुणस्तरीय शिक्षा भन्नाले काम लाग्ने र जीवन उपयोगी शिक्षा भन्ने बुझिन्छ । शिक्षा किताबसंग मात्र सिमित रहनु हुदैन यसले त ब्यक्ति, समाज र राष्ट्रको अपेक्षा पुरा गर्नु पर्दछ । तोकिएको पाठ्यक्रम भन्दा ब्यापक र बृहत्त हुनु पर्दछ । असल र गुणस्तरीय शिक्षा लिनू विद्यार्थीहरूका लागि फलामको चिउरा चपाउनु जत्तिकै मुस्किल भइरहेको छ । कडा परिश्रम र मिहेनत बिना लर्तरो तयारीले असल ज्ञान प्राप्त गर्छु भन्नु असम्भवनै देखिन्छ । राम्रो ज्ञान हासिल गर्नु छ भने डटेर अध्ययनको साधनामा लाग्नु पर्दछ । सानो–तिनो ज्ञान प्राप्तिले समाजलाई बदल्न असम्भव नै हुन्छ । राम्रो शिक्षा वा ज्ञान प्राप्त गर्न पढ्दै, लेख्दै गरी विषयलाई बुझ्ने प्रयत्न गर्दा त्यो शिक्षा दीर्घकालीन रहन्छ । भविष्यमा समाजको परिवर्तन र विकासमा उल्लेखनीय योगदान पुर्याउनु छ भने असल शिक्षा लिन अभिरूचि, लगाव र झुकाव हुनुपर्दछ । विद्यार्थीहरूलाई पाठ्यक्रममा मात्र लगाम लगाउनुको साटो उनीहरूको ब्यवहार, सोचाई, स्वभाव र सृजनात्मकतामा सकारात्मक परिवर्तन ल्याइ जीवन उपयोगी नैतिक र व्यावसायिक शिक्षा दिनुनै गुणस्तरीय शिक्षाहो भन्न सकिन्छ ।

तर, नेपालको परिप्रेक्षमा हेर्ने हो भने यहाँका अधिकांश विद्यालयहरूबाट दिइने शिक्षा गुणस्तरी छ भन्ने अवस्था छैन । असल शिक्षा एउटा प्रतिस्पर्धाको परीक्षा हो । यो जहीँ कहीँ नमिल्न सक्छ । त्यसैले आफ्नो क्षमतालाई बुझेर दक्ष ज्ञान हासिल गर्न लागि पर्नु पर्दछ । जुन आफ्नो जीवन र समाजको विकासका लागि प्रयोगमा आउन सकोस् । राम्रो शिक्षाको प्रकृति सधैँ रचनात्मक हुन्छ । यसले भविष्य निर्माणमा अग्रसर गराउँछ । यस्तो शिक्षाको फल समाजले पनि प्राप्त गर्न सक्छ । सामाजिक मुद्दाका बारेमा राम्रो आदत राख्न जागरूक र बढवा दिन्छ ।

उचित शिक्षा बिना एक व्यक्ति आफ्नो जीवनका सबै शैक्षिक लाभबाट वञ्चित रहनु समाज विकासका लागि घाटा नै हुन्छ । शिक्षाले समाजमा शान्ति बढाउन, गरिबीलाई हटाउन, जातीय विभेदलाई कम गर्न, सुशासन ल्याउन, विकृति र विसंगतिलाई हटाउन र आफ्ना अधिकारका बारेमा जागरूक गराउन मद्दत गर्दछ । शिक्षा अपेक्षित परिणाम प्राप्त गर्नु र जागिर खानलाई मात्रै नभई सबै मानव जातिलाई सक्षम बनाउन, कुनै चीजमा सक्षमता हासिल गर्न र मानवको कल्याणका लागि पनि हो । शिक्षा व्यक्ति र समाजको बृहत्तर हित, सुख र खुसी जीवनका लागि अनिवार्य जस्तै छ ।

गुणस्तरीय शिक्षाको लागि भनेर विद्यालयहरूले आफ्नो क्षेत्र सुधार योजना र निरन्तर मुल्याङ्कन पद्दति प्रयोग भने गरिरहेकै छन तर, पनि यसबाट खासै परिवर्तन भएको पाइदैन । यस्ता कार्यक्रम कक्षा भित्र नपसी कागजी रूपमा मात्र सिमित भएको छ । जसले गर्दा विद्यालय अक्षर चिनाउने स्थल मात्र भएको छ । विद्यालयले गुणस्तरीय शिक्षाको माध्यमबाट देशभक्त, कर्मठ, निष्ठावान, स्वाभीमानी र सिर्जनात्मक दक्ष जनशक्ति उत्पादन गर्न सकेको छैन । यो विषयको मुद्दा उठान हुँदा शिक्षक, विद्यार्थी, व्यवस्थापन समिति र अभिभावकहरू बीच एकले अर्केलाइ दोष दिने प्रबृति हाबी छ । जसले गर्दा सम्पूर्ण सामुदायिक विद्यालय र यसको गुणस्तरीयता धरासायी हुँदै गइरहेको छ । नेपाल सरकारबाट नयाँ शिक्षा ऐन बन्ने र समय सापेक्ष संशोधन गर्ने कामले पनि विद्यालय शिक्षामा खासै परिवर्तन आएको देखिदैन यि लगायत अनेकौं चुनौतिहरूको कारणले गर्दा विद्यालय शिक्षा गुणस्तरीय हुन सकिरहेको छैन जसको प्रत्यक्ष असर ब्यक्ति, समाज र राष्ट्रको विकास र भविष्यमा पर्नेछ । शैक्षिक पाठ्य बस्तुहरू समय सापेक्ष परिवर्तन भैरहेको छैन भने त्यस्ता पाठ्य वस्तुहरूलाई व्यबहारिक रूपमा सिक्न र सिकाउनको लागि प्रयाप्त मात्रामा शैक्षिक सामाग्रीहरूको अभाव कतिपय अवस्थामा त पाठ्यपुस्तक उचीत समयमा उपलब्ध गराएको पनि पाइदैन जसको फलस्वरूप पनि शिक्षाको गुणस्तरमा ह्रास आएको हो ।

असल शिक्षा वा ज्ञान व्यक्ति र समाजको विकासका लागि आवश्यक छ । असल शिक्षा र ज्ञानको माध्यमबाट एउटा व्यक्तिलाई गुणी बनाउनु भनेको समाज विकासका लागि असल पृष्ठभूमि तयार गर्नु हो । समग्रमा भन्नुपर्दा हाम्रो शिक्षा व्यक्तिको व्यक्तित्व विकासका साथै समाजको उन्नति, प्रगति, परिवर्तन र विकाससँग जोडिएको हुनुपर्दछ । शिक्षाबाट व्यक्तिको व्यक्तित्व, समाज र राष्ट्रको आवश्यकतालाई पूर्ण गर्न सक्ने ज्ञान प्रदान गराउनु पर्छ । व्यक्तित्व विकास र मानसिक विकास प्रदान गर्दै राम्रो र कुशल जीवनका लागि असल शिक्षा आवश्यक पर्दछ । व्यक्तिलाई शारीरिक, मानसिक र सामाजिक रूपमा राम्रो बनाउनुका साथै कुसल जीवन जिउनुपर्छ भन्ने कुरामा पनि बढवा दिन्छ । असल शिक्षा त्यो अविश्वसनीय शक्ति हो, जसले खराब शक्तिबाट टाढा गर्न, आत्मनिर्भर बनाउन र समाजमा कैयन नयाँ अवसरहरू सिर्जना गर्न सम्भावनाका अवसरहरू प्रदान गर्दछ। शिक्षामा यस्तो परिवर्तन हुन नसक्नु व्यक्ति र समाजलाई अभिशाप हुन पुग्दछ ।

"शिक्षा नै समाजको समृद्धिको मेरूदण्ड हो ।" असल शिक्षा व्यक्तिलाई आन्तरिक र बाहिरी तागत प्रदान गर्न सबै भन्दा महत्वपूर्ण यन्त्र हो त्यसैले कामना गरौँ, आगामी दिनमा शिक्षाको सुधारले समाजमा बहुपयोगी कार्यहरू सहजै गर्न सकियोस् ।

> शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाई विश्वबजारमा प्रतिश्पर्धा गर्ने उद्देश्यबाट प्रोरित भइ त्यस्ता रकमहरु शिक्षा मन्त्रालय र शिक्षासंग सम्बन्धित विभिन्न स्थानीय तहका कार्यालयहरुको मातहत तथा सहकार्यमा शैक्षिक गुणस्तर वृद्धि सम्बन्धि कार्यक्रमहरु सञ्चालनमा आएका छन् । शिक्षा किताबसंग मात्र सिमित रहनु हुदैन यसले त ब्यक्ति, समाज र राष्ट्रको अपेक्षा पुरा गर्नु पर्दछ ।

> *शिक्षा अपेक्षित परिणाम प्राप्त गर्नु र जागिर खानलाई मात्रै नभई सबै मानव जातिलाई सक्षम बनाउन, कुनै चीजमा सक्षमता हासिल गर्न र मानवको कल्याणका लागि पनि हो । शिक्षा व्यक्ति र समाजको बृहत्तर हित, सुख र खुसी जीवनका लागि अनिवार्य जस्तै छ ।*

# बालबालिकाको लागि पनि समय व्यवस्थापन आवश्यक



बच्चाका लागि उठ्ने र सुत्ने तालिका निश्चित गरौं । सकेसम्म राती चाडै सुत्न दिनुपर्छ । बच्चाको सुत्ने समय ८ वा ९ घण्टा छुट्याउनुपर्छ । यस हिसाबले राती कतिबेला सुत्छ, त्यसको ८/९ घण्टापछि बच्चालाई उठाउनुपर्छ । वा, उठ्ने बानी गराउनुपर्छ ।

सकेसम्म बच्चा सुत्ने समयमा परिवारका अरू सदस्यहरूले पनि सुत्ने तालिका तय गरौं । आफु टिभी हेर्ने वा कुराकानी गर्दै बस्ने र बच्चालाई चाहि जबरजस्ती सुनाउने प्रयास त्यती फलदायी नहुन सक्छ । त्यसैले बच्चाका लागि आफु पनि निर्धारित समय तालिका अनुसार सुत्ने र उठ्ने गरौं । यो बच्चाका लागि मात्र होइन, आफ्नो लागि पनि फाइदाको कुरा हो ।

बच्चालाई दिनमा चार वा पाँच पटक खानेकुरा ख्वाउनुपर्छ । यस हिसाबले समयको विभाजन गरौं, ताकि उनीहरूलाई अपच नहोस् र भोक पनि नलागोस् । अर्थात निश्चित समयअवधीमा खानेकुरा दिने गरौं । बिहान उठेपछि ब्रेकफास्ट, खाना, नास्ता फेरी खाना । यसरी खानेकुराको तालिका तय गरौं ।

यसले गर्दा बच्चाले निश्चित समयमा खाने गर्छन् । उनीहरूको स्वास्थ्यका लागि फाइदाजनक कुरा हो । साथसाथै यसले समय व्यवस्थापनमा पनि प्रभावकारी काम गर्छ । बच्चाको दैनिक तालिका तय गर्दा उनीहरूको खेल्ने वा मनोरञ्जन गर्ने समय छुट्याउनुपर्छ । बिहानको समय भन्दा पनि साँझ घर फर्केपछि उनीहरूलाई खेल्नका लागि अतिरिक्त समय मिलाइदिने गरौं । र, यसका लागि सकेसम्म आउटडोर गेममै प्रेरित गरौं । मोवाइल, ल्यापटपको गेमलाई निरूत्साहित गरौं ।

यसबाहेक होमवर्क वा पढाई पछि निश्चित समय टिभी हेर्न दिनुपर्छ । टिभीमा सकेसम्म बाल कार्यक्रम वा कार्टुन च्यानलहरू उपयोगी हुन्छन्, जो बच्चाको मनोविज्ञान अनुसार तयार गरिएको हुन्छ । दिनभरको तालिकामा पढ्ने र होमवर्क गर्ने समय तालिका पनि निर्धारण गरौं । साँझ खेलेर आइसकेपछिको समय यसका लागि उपयुक्त हुन्छ । कति अभिभावकले बच्चालाई स्कुलबाट फर्कनसाथ होमवर्क गराउन बाध्य पार्छन् । स्कुलमा पढेर आएका उनीहरूलाई केहि समय विश्राम चाहिन्छ । दिनभर स्कुलमा बिताएका उनीहरू त्यस लगत्तै पढ्न बस्दा त्यो सिकाइ प्रभावकारी हुँदैन ।

अभिभावकले के बुझ्नुपर्छ भने, बच्चाले होमवर्क गर्ने वा पढ्ने भनेको शिक्षकका लागि होइन । आफैले बुझ्न वा जान्नका लागि हो । त्यसैले यसका लागि हतार गर्न जरूरी छैन । बच्चा जब फ्रेस हुन्छ, तब होमवर्क वा पढाइमा समय दिनुपर्छ । यो सप्ताहान्तमा पारिवारिक बैठक बस्ने गरौं । वैठकमा आफ्ना बच्चाहरूलाई भनौ कि स्कुल टाइमदेखि लिएर बेड टाइमसम्मको दिनचर्या अबदेखि फरक हुन्छ । उनीहरूलाई अब के गर्नुपर्छ भन्ने बिस्तारमा बताउने । राति सुत्नुभन्दा अगाडि सबै काम सक्नुपर्छ भन्ने राम्ररी सम्झाउनुपर्छ ।

बच्चाहरूले स्कुलबाट घर आएपछि के गर्नुपर्छ भनेर नियम बनाइदिने गरौं । जस्तो कि जुत्ता, ज्याकेट वा ब्यागलाई आफ्नो ठाउँमा राख्ने । लन्च बक्स र पानीको बोतल खाली गर्ने । त्यसपछि होमवर्क गर्न बस्ने । उनीहरूलाई यो पनि बताइदिने कि आफ्नो काम गरेनन् भने त्यसको परिणाम के हुन्छ ।

साँझ पर्नुभन्दा केही अगाडिको समय बच्चाहरूलाई रमाएर खेल्न दिने गरौं, आफ्नो इच्छाको काम गर्न दिनुपर्छ । यदि बच्चामा धेरै जोश छ भने केही बेर साइकल चलाउन दिनुपर्छ, बच्चा थाकेको छ भने स्न्याक्स खुवाउने गरौं । तर, यसका लागि पनि सिमित समय छुट्याउनुपर्छ ।

होमवर्कलाई दुई वा तीन भागमा विभाजित गर्नु राम्रो हुन्छ । राति सुत्नुभन्दा अगाडि ३ पटकसम्म होमवर्क गराउन सकिन्छ । कुनै बास्केट वा सानो ठाउँ निश्चित गरौं जहाँ बच्चाका आवश्यकताका कुराहरू राखिएको होस । यही ठाउँमा बच्चाको ती चिजहरू पनि राखौं जुन उनीहरूले बाबुआमालाई देखाउनुपर्ने छ । शिक्षकले दिएका नोट्स, स्कुलमा हुने कार्यक्रमको सूचना । यसो गर्दा बिहान-बिहानको टेन्सनबाट बच्न सकिन्छ ।

रातको खानापछि टिभी हेर्न वा मोबाइल चलाउन नदिने । यतिबेला साना बच्चाहरूको ओछ्यानमा जाने समय पनि हुन थाल्छ । यही बेला बच्चाहरूलाई बिहानका लागि ब्याग तयार गर्न लगाउनुपर्छ । बच्चाहरू बेडमा जाने समय निश्चित गरौं । साथै बिहान निश्चित समयमा उठ्न प्रेरित गरौं ।

# बिहानको दुई घण्टा आफ्नै लागि



अहिले मानिसहरू कुनै न कुनै रूपले मानसिक समस्यामा छन् । उनीहरूसँग पूर्ख्यौली ज्यायजेथा भएर पनि, मनग्ये आम्दानी भएर पनि, मानप्रतिष्ठा भएर पनि सुख छैन । आनन्द छैन । हर्ष छैन । मानसिक रूपमा मात्र होइन, शारीरिक रूपमा पनि हामी अनेक रोगले घेरिएका छौं । कसैलाई मधुमेह छ, कसैलाई थाइराइड छ । कसैलाई बाथले सताएको छ, कसैलाई दमले गलाएको छ । कोही उच्च रक्तचापको औषधी खाइरहेका छन्, कोही पायल्सको उपचार खोजिरहेका छन् ।

हामी किन यति रोगी भइरहेका छौं ? हामी किन यति तनावग्रस्त भइरहेका छौं ? हाम्रो शरीर किन शिथिल भइरहेको छ ? हाम्रो मन किन बेचैन भइरहेका छ ?

यसमा हाम्रो सोंच, चिन्तनसँगै जीवनशैली प्रमुख कारक बनेको छ । अहिले हामी जसरी हुन्छ धनदौलत जोड्ने चक्करमा छौं । पैसा कमाउने अनेक यत्नमै हाम्रो दिन वित्दो छ । बिहान उठेदेखि हामी पैसा सोच्छौं । र, राती ओछ्यानमा ढल्किएर सुत्नुअघि पनि पैसा नै सोच्छौं । यसरी पैसा वा धन कमाउने चक्करमा लिप्त भएर हामी आफैलाई बिर्सिरहेका छौं । कतिबेला खाने, के खाने, के गर्ने, कसरी गर्ने भन्ने कुराको हेक्का हुँदैन । मर्निङवाक गर्नुभन्दा हामीलाई घरजग्गा खरिदद्बिक्रीको कुरा गर्नु बढी फलदायी लाग्छ ।

एकपटक सोचौं त यदि हामीसँग पर्याप्त पैसा भयो । धनदौलत भयो । जहाँ जान सकिने अवस्था भयो । जे खान सक्ने सामर्थ्य भयो । तर, शरीर रोगी भयो भने ?

### कहाँ जाने ? के खाने ?

न मनलाग्दो ढंगले घुमफिर गर्न सकिन्छ । न घुमफिर गर्दा त्यसको आनन्द नै लिन सकिन्छ । न मनलाग्दो खानेकुरा खान सकिन्छ । न खाएको कुर ाको स्वाद लिन नै पाइन्छ । यसको अर्थ यो होइन कि, धन कमाउनु हुँदैन । पैसा आर्जन गर्नु हुँदैन । करियर बनाउनु हुँदैन । यद्यपी यी सबै कुरालाई प्राथकिताको आधारमा कुन कुराका लागि कति समय दिने, कसरी दिने भन्ने कुरा निर्धारण गर्नुपर्छ ।

शारीरिक आवश्यक्तालाई हामीले प्राथमिकताको आधारमा समय दिनु वा महत्व दिनुपर्छ । यसको सोझो अर्थ के भने, शरीर सबैभन्दा महत्वपूर्ण कुरा हो । शरीरभन्दा धनदौलत, भौतिक सुविधा ठूलो हुँदै होइन । यो कुरा हामी सबैलाई थाहा छ । तर, हामी आफ्नै शरीरलाई कतिपनि माया गर्दैनौं । कतिपनि महत्व दिदैनौं ।

त्यही कारण त जब हामी हुनेखाने हुन्छौं । घरसम्पतिका मालिक हुन्छौं । शरीर ति सबै सुविधा भोग गर्न तयार हुँदैन । शरीर यी सुख-सयलभन्दा टाढै रहन खोज्छ । न अमिलोपिरो खान हुन्छ । न आरमदायक ढंगले बस्न हुन्छ । खासमा हामीले शरीरका लागि धेरै समय दिनु पर्नेपनि होइन । बिहान दुई घण्टा आफ्नो लागि छुट्याए मनग्ये हुन्छ । बिहान उठेपछि पानी पिउन, शौच क्रिया गर्न, योग-ध्यान गर्न, व्यायाम गर्न, नास्ता खान, नुहाइधुवाई गर्न यत्तिका समय पर्याप्त छ । तर, शरीरप्रति हामी कति अनुदार छौं भने दिनभरमा नाथे दुई घण्टा समय पनि यसका लागि छुट्याउँदैनौं ।

दिनभर जे जति काम गर्छौं, त्यसमा पनि शरीरका लागि केही सोच्न सकिन्छ । समय मिलाएर पानी पिइरहने । बेलाबेलामा केही खाइरहने । एकै ठाउँ बस्ने नभई यताउता हिँडडुल गरिरहने वा शारीरिक रूपमा सक्रिय र हने । ख्यालठट्टा गर्ने । प्रशन्न रहने । यसबीचमा पनि लामो-लामो सास लिने । मौका मिले कपालभाती गर्ने । अझ मौका मिले केही क्षण ध्यान मुद्रामा बस्ने । दिनभरमा यति गर्न सकियो भने, पक्कैपनि तपाईं-हाम्रो शरीर निरोगी हुन्छ ।

हामीले आर्जन गरेका धनदौलतको भोग गर्दा आनन्द अनुभव गर्न सक्छौं । स्वाद लिएर खानेकुरा खान सक्छौं । शरीरलाई सधै उर्जावान्, गतिशिल तुल्याउन सक्छौं ।

# खानेकुरा पकाउँदा पोषक तत्व नष्ट नहुने यस्तो छ तरिका

खाना विभिन्न तरीकाले पकाइन्छ । कुनै खाना तारेर त कुनै उसिनेर पकाइन्छ । कुनै ग्रील गरिन्छ त कुनै हल्का फ्राई गरेर पकाइन्छ । खाना पकाउने तरीका पनि आ-आफ्नै हुन्छ । विभिन्न तरीकाले पकाउदा पनि कहिलेकाही जानेर वा नजानेर हामी खानामा भएको सम्पूर्ण पोषण तत्व सरक्षित गर्नमा असफल हुने गर्छौं । परिणामस्वरूप, स्वास्थ्यवर्दक तरीकाले खाना पकाउँदा पकाउँदै पनि ती खानेकुरामा भएको आवश्यक पोषण तत्व ग्रहण गर्नमा हामी असर्मथ हुन्छौ । यसको पछाडी दुईटा कारण मुख्य मानिन्छन् । कि त हामी खानालाई धेरै पकाउँछौ, या त काच्चै राख्छौ ।

भिटामिन बी, सी, फोलेट लगायतको पोषण तत्व वाफ वा तातोमा बढी संवेदनशील हुन्छ, जसका कारण त्यसमा भएका आवश्यक तत्व क्रमश कम हुँदै जान्छ । खानामा भएका पोषण तत्व कम हुनुमा पकाउने समयावधी तथा आगोको रापले पनि धेरै प्रभाव पार्दछ । जबकी कम समयमा खाना पकाउने तरीका, तापक्रम तथा पानीको मात्राले पनि खानामा भएको पौष्टिक तत्वलाई संरक्षित गर्न निकै ठूलो भूमिका खेल्छ । यस हिसाबले भन्नु पर्दा हरिया सागसब्जी पकाउने सबै भन्दा राम्रो उपाय भनेको उसिन्नु हो । साजसब्जलाई उसिनेर पकाउदा यस्ता खानेकुरा छिटो पाक्नुका साथै यसमा भएका पोषणतत्व समेत नष्ट हुन पाउँदैन ।

खानामा पौष्टिक तत्वलाई कायम राख्न सागसब्जी तथा फललाई उचित तरीकाले काट्नु पर्छ । सागसब्जी वा तरकारीलाई ससाना टुक्रा बनाएर काट्दा त्यसमा भएका पौष्टिक तत्व नष्ट हुने सम्भावना धेरै हुने गर्छ । त्यस्तै, सागसब्जीलाई काटेपछि पानीमा डुबाउनले पनि कतिपय खानेकुरामा भएका पौष्टिक तत्व पानीमा घुलेर नष्ट हुने सम्भावना उच्च हुने गर्छ । त्यस्तै, सलाद तयार पार्दा खानेबेलामा मात्र तयार पार्नु पर्छ र हावाको सम्पर्कमा नआओस् भन्नका लागि राम्ररी छचोप्नु पर्छ ।

खाना पकाउनु अघि र पकाउँदा खानामा रहेको पोषण तत्वलाई नष्ट हुन नदिन पनि यी कुराहरूमा ध्यान दिन जरूरी छ । मानिसहरू सोच्छन्, उमोलेको तथा स्टिम गरिएको खानेकुरामात्र स्वस्थकर हुन्छ । जबकी उमालेकै खानेकुरामा थोरै मात्र फ्याट वा चिल्लो मिसाउनाले पनि खानामा भएको पौष्टिक तत्व अझै बढ्ने गर्छ । फ्याटले खानाबाट मिल्ने पोषण अवशोषित गर्नमा शरीरलाई सहायता प्रदान गर्दछ । यसले खानाको स्वाद बढाउन समेत निकै मद्दत गर्दछ । ब्रोकाउली, बन्दा आदी तरकारी काच्चै खानु शरीरका लागि निकै फाइदाजनक मानिन्छ । यसमा मोयोसिनेज नामक एन्जाइम हुन्छ जसले व्याक्टेरिया तथा इन्फेक्सन रोक्नमा मद्दत गर्छ ।

## बागमतीमा ३३ खानेपानी आयोजना



◆ विकास संवाददाता

बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले खानेपानीका ३३ वटा योजना सम्पन्न गरेको छ। 'एक घर, एक धारा' कार्यक्रम अन्तर्गत ३३ वटा खानेपानीको आयोजना सम्पन्न भएको हो। मन्त्रालय अन्तरगतका जिल्ला स्तरका कार्यालयले २८ वटा आयोजनाको गुणस्तर सुधार गरिएको भौतिक पूर्वाधार विकास मन्त्री रामेश्वर फूयाँलले बताए।

यी दुवै कार्यबाट ७४ हजार १ सय ५६ जनसंख्या प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। २५ वटा खानेपानीको आयोजनाहरूको सम्भाव्यता अध्ययन समेत गरिएको छ। १ सय ९ वटा आयोजनाहरूको विस्तृत आयोजना प्रतिवेदन तयार भएको र अब छिट्टै कार्यान्वयनमा लैजाने मन्त्रालयले जनाएको छ।

## छ महिनामा ५ सय १९ वटा मुद्दा फैसला

◆ विकास संवाददाता

मकवानपुर जिल्ला अदालत हेटौँडाले चालू आर्थिक वर्षको छ महिनामा ५ सय १९ वटा मुद्दा फैसला गरेको छ।

गत आर्थिक वर्षबाट दायित्व सरेर आएको र चालू आर्थिक वर्षमा थपिएकामध्ये पुस मसान्तसम्म ५ सय १९ मुद्दा फछ्र्यौट भएको अदालतका स्रेस्तेदार तीर्थराज भट्टराईले जानकारी दिए। गत आर्थिक वर्ष दर्ता भएका ९ सय १४ मध्ये ५ सय १९ मुद्दा फछ्र्यौट गरिएको हो।

गत आवमा फछ्र्यौट हुन बाँकी ३९५ मुद्दाको दायित्व र चालू आवको पुस मसान्तसम्म थप ७ सय १४ मुद्दा दर्ता भई यस वर्ष एक हजार १ सय ९ मुद्दा पुगेको बताइएको छ।

अदालतले एक भिजन एक मिशन, एक वर्षभित्र न्याय सम्पादनको सिद्धान्तलाई अङ्गीकार गरेको जानकारी दिनुहुँदै भट्टराईले सबै किसिमका मुद्दाहरू छ महिनादेखि एक वर्षभित्र फछ्र्यौट गर्ने गरी काम भइरहेको बताए।

कोरोनाको महामारीका कारण अदालतको काम कारबाही प्रभावित भएकाले पुरानो मुद्दा फैसलामा ढिलाइ भएको उनले बताए। अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएको दुई वर्ष पुरानो १६ मुद्दा फैसला हुन बाँकी छ। उक्त मुद्दामध्ये १० देवानी तथा ६ फौजदारी मुद्दा फैसला गर्न बाँकी छ।

## मकवानपुरमा अर्को स्थानीय तह पनि बालमैत्री घोषणा हुँदै

◆ विकास संवाददाता

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले बकैया गाउँपालिकालाई बालमैत्री स्थानीय शासन युक्त स्थानीय तह घोषणा गर्न अनुमती प्रदान गर्ने निर्णय गरेको छ। जिल्ला समन्वय समितिको मंगलबार बसेको ७२औं बोर्ड बैठकले गाउँपालिकालाई बालमैत्री स्थानीय शासन युक्त स्थानीय तह घोषणा गर्न अनुमती प्रदान गर्ने निर्णय गरेको हो।




जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालको अध्यक्षतामा बसेको बैठकले बकैया गाउँपालिकाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८, घोषणा कार्यविधि, २०७० र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम गाउँपालिका भित्रका १२ वटा वडाहरू बालमैत्री स्थानीय शासन प्रवर्धन कार्यान्वयन घोषणाको प्रक्रियामा विगत देखी नै कार्य गदै आएको र बालमैत्री स्थानीय तह हुनको लागी तोकिएको मापदण्ड तथा संस्थागत व्यवस्थाहरू पुरा गरेको प्रतिवेदनका आधारमा जिससबाट अनुगमन गर्दा गाउँपालिकाको सम्पूर्ण वडाहरू तथा गाउँपालिका समेतबाट निर्धारित सूचक तथा मापदण्ड पुरा गरेको पाइएकोले घोषणाको अनुमति दिईएको हो।

गाउँपालिकालाई बालमैत्री रणनीतिक योजनालाइ निरन्तरता दिन समेत अनुरोध गर्दै हाल सम्मको प्रगतिका आधारमा बालमैत्री स्थानीय शासन युक्त स्थानीय तह घोषणा गर्न अनुमती प्रदान गरिएको समन्वय प्रमुख खुलालले जानकारी दिए।

त्यस्तै बैठकले जिससले नियमित प्रकाशन गर्दै आएको 'मकवानपुर' नामक पुस्तक प्रकाशन गर्ने र सो को लागि जिल्ला समन्वय अधिकारीको संयोजकत्वमा सम्पादक मण्डल गठन गर्ने निर्णय गरेको छ। पुस्तकमा जिससका आर्थिक कार्यक्रम, पालिका र कार्यालयहरूले जिल्ला भित्र गरेका नविन प्रयास, सफलताका कथा समन्वयकारी सुशासन सम्बन्धि लेख रचनाहरू, जिससका अनुगमन प्रतिवेदन अध्ययन अनुसन्धान प्रकाशन गर्ने र यो वर्ष मकवानपुर पुस्तक शिर्षकमा 'शासकिय समन्वयमा जि.स.स.' उपशिर्षक थप गर्ने निर्णय गरेको उनले बताए।

त्यस्तै बैठकले तत्कालिन जिल्ला विकास समितिले मर्मतको लागि काठमाण्डौंको लगिएको बा १ भ ७२५२ नम्बरको हुण्डाई जिप मर्मत हुन नसकेर थन्किएको हुँदा उक्त गाडी जे जस्तो अवस्थामा छ सोहि अवस्थामा हेटौंडा ल्याई कुनै उपयुक्त र सुरक्षित स्थानमा राखि गाडीको हालको अवस्था मूल्यांकन गरी प्रचलित कानून बमोजिम लिलामी प्रक्रिया अघि बढाउन समेत कार्यालयलाई निर्देशन दिने निर्णय गरेको छ। बैठकमा जिसस उप्रमुख भगवती पुडासैनी, सदस्यहरू देवराज रिमाल, गणेश कुमारी प्रधान, सिता अधिकारी, बुद्धिबहादुर मोक्तान, चित्रबहादुर बलामी, सरिता बिक, समन्वय अधिकारी आनन्दराज पोखरेलगायतको सहभागिता थियो।

## कक्षा ११ को परीक्षा: सबै अधिकार विद्यालयलाई

◆ विकास संवाददाता

कक्षा ११ मा अध्ययनरत विद्यार्थीको अन्तिम परीक्षा सम्बद्ध विद्यालयले नै सञ्चालन गर्ने भएका छन्। राष्ट्रिय परीक्षा बोर्डले यसै शैक्षिक सत्रमा कक्षा ११ मा अध्ययन गर्ने विद्यार्थीको अन्तिम परीक्षा विद्यालयले नै गर्ने स्पष्ट गरेको छ।

बोर्डका अध्यक्ष प्रा.डा. चन्द्रमणि पौडेलले बोर्डले अन्तिम परीक्षा सञ्चालन गर्ने अधिकार विद्यालयलाई नै हस्तान्तरण गरेको जानकारी दिए। अब पठनपाठन, आन्तरिक परीक्षा, अन्तिम परीक्षा र नतिजा प्रकाशन समेतको जिम्मेवारी विद्यालयलाई आएको छ। बोर्डका अध्यक्ष गौतमले भने,'नेपाल सरकारले कार्यविधि परिवर्तन गरेबाहेक अब बोर्डले कक्षा ११ को परीक्षा सञ्चालन गर्दैन।' बोर्डले गत वर्षको कक्षा ११ मा अध्ययन गर्ने विद्यार्थीको अन्तिम परीक्षा सञ्चालन गर्दा परीक्षा सञ्चालनसम्बन्धी कार्यविधिमार्फत सो अधिकार विद्यालयलाई दिएको थियो। कोरोना भाइरसका कारण बोर्डले राष्ट्रिय स्तरमा एकै पटक परीक्षा सञ्चालन गर्न नसकेपछि कार्यविधिमार्फत उक्त अधिकार विद्यालयलाई दिइएको हो। गत वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई)मा सहभागी भएका विद्यार्थीमध्ये चार लाखभन्दा बढीलाई कक्षा ११ मा अध्ययन गर्ने बाटो खुलेको थियो।

बोर्डले परीक्षा सञ्चालन नगर्ने निर्णयसँगै अब विद्यालयमाथि गहन जिम्मेवारी थपिएको छ। यसै शैक्षिक सत्रबाट कक्षा ११ मा नयाँ पाठ्यक्रमसमेत कार्यान्वयन गरिएकाले यसको प्रभाव तथा गुणस्तर के हुन्छ भन्नेमा विद्यालय चनाखो भएर अगाडि बढ्नुपर्नेमा जोड दिइएको छ।

विज्ञहरूले विद्यालयलाई यस खालको अधिकार दिँदा पछिल्लो दिनमा शैक्षिक गुणस्तरमा समस्या आउने भएकाले यसमा सुझबुझपूर्ण तरिकाले निर्णय लिनुपर्ने उपाय सुझाएका छन्। शिक्षाविद् प्रा.डा.वासुदेव काफ्लेले विद्यालयलाई यो अधिकार दिनु राम्रो भए पनि अहिले नै धान्न समस्या हुन सक्ने बताए। यसलाई प्रदेशस्तरबाट सञ्चालन गर्नुपर्ने उनको भनाइ छ। कक्षा १२ को परीक्षा भने बोर्डले नै राष्ट्रिय स्तरमा सञ्चालन गर्नेछ। कक्षा ११ उत्तीर्ण भएको आधारमा बोर्डले कक्षा १२ को परीक्षा सञ्चालन गर्ने जनाइएको छ।

## आयोजकलाई गोल्डकपको उपाधि

◆ विकास संवाददाता

भिडोल हेटौँडा गोल्डकप फुटबलको उपाधि आयोजक विजय युथ क्लबले हात पारेको छ। १६ माघबाट हेटौँडा-१० मा रहेको वन विज्ञान क्याम्पसको खेल मैदानमा भएको




प्रतियोगितामा २३ माघमा सम्पन्न फाइनल खेलमा सेन्ट्रल कलेज विएफसी भरतपुरलाई २ का विरूद्ध १ गोल अन्तरले पराजित गरेको हो।

विजय युथ क्लबलाई उपाधि दिलाउन रूपेश केसी र शान्त गुरूङले १-१ गोल गरेका थिए। त्यसैगरी सेन्ट्रल कलेज विएफसी भरतपुरका लागि एक मात्र सान्त्वना गोल रन्जित मगरले गरेका थिए।

प्रतियोगितामा विजेता बनेसगै विजय युथ क्लबले नगद ३ लाख सहित ट्रफि हात पारेको छ भने उपविजेता सेन्ट्रल कलेजले १ लाख ५० हजार रूपैयाँमा चित्त बुझाएको छ।

## आयोगका पदाअधिकारीलाई तलब सुविधा

◆ विकास संवाददाता

सरकारले ७७ वटै जिल्लामा भूमिसम्बन्धी समस्या समाधान आयोग गठन गरेको छ। अध्यक्ष, विज्ञ र सदस्य गरी तीन सदस्यीय जिल्ला समिति गठन गरिएको हो।

जिल्ला अध्यक्षले राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) तलब-भत्ता पाउने व्यवस्था छ भने सदस्यले राजपत्रांकित द्वितीय श्रेणी उपसचिवसरह सुविधा पाउनेछन्।

आयोगको जिल्ला समिति गठनसम्बन्धी मन्त्रिपरिषद्को माघ १५ गतेको निर्णय सोमबार राजपत्रमा प्रकाशन भएको हो। मन्त्रिपरिषद्कै चैत ९ गते बसेको बैठकले देवीप्रसाद ज्ञवालीको अध्यक्षतामा आयोग गठन गरेको थियो। आयोगले ४ सय १ स्थानीय तहसँग



सम्झौता गरी काम अगाडि बढाएको छ। भूमिहीनलाई जग्गा दिने दायित्वसाथ काम गरिरहेको आयोगका विज्ञ सदस्य जगतबहादुर देउजाले बताए।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

# पालुङ क्याम्पस पढ्नेलाई बसको सुविधा

*मकवानपुर थाहा नगरपालिकामा वि.सं. २०५३ सालबाट शुभारम्भ भएको स्नातक तहको पढाई संचालन गर्नका लागि पालुङ बहुमुखी क्याम्पसलाई वि.सं. २०६५ सालबाट त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गऱ्यो । एकदशक बढि मकवानपुर बहुमुखी क्याम्पसको विस्तारित कार्यक्रमको रूपमा रहेको यो क्याम्पसमा अहिले स्थानीय विद्यार्थीहरूको आकर्षण पनि बढ्दै गएको छ । घरको कामकाज भ्याएर स्नातक पढ्न पाइने र गुस्तरीय नतिजा हासिल गरिरहेको भएर पनि यस क्याम्पसमा विद्यार्थीहरको झुकाव बढेको हो । प्रस्तुत छ, यसै सन्दर्भका पालुङ बहुमुखी क्याम्पस संचालक समितिका* **अध्यक्ष विष्णु विष्ट 'आदर्श'***संग विकास खबरपत्रिकाले गरेको कुराकानीः*



**आफ्ना बालबालिकालाई पालुङ बहुमुखी क्याम्पसमा नै किन पढाउने ?**

- पालुङ बहुमुखी क्याम्पस तपाई हाम्रो सबैको साझा क्याम्पस हो । यो कुरालाई हामी थाहा नगरबासीले सम्झनु बुझ्नु पर्छ । हाम्रा बालबालिकाले घरछेवैको स्कुलबाट जसरी कखरा.. सिक्छन् तिनको उच्च शिक्षा हासिल पनि गाउँघरमै गराउने उद्देश्यले पालुङ बहुमुखी क्याम्पस संचालन भएको हो । विद्यालय शिक्षा हासिल गरी बसेका बालबालिकालाई उच्च शिक्षासंग जोड्ने पुल भनेकै पालुङ क्याम्पस रहेको हो । घरैको खाना खाएर कम खर्चमा उच्च शिक्षा हासिल गर्न सकिने भएकोले पनि यस क्याम्पसको मर्म अनुसार यहाँ आफ्ना बालबालिकालाई भर्ना गर्नका लागि आग्रह गर्दछु ।

**पालुङ क्याम्पसमा नि शैक्षिक गुणस्तर राम्रो हुन्न भन्छन् नि ?**

- गुणस्तरी शिक्षाका लागि पालुङ क्याम्पस हरतरहले लागि परेको छ । र, त्यो पनि स्पष्ट पार्न चाहान्छु पालुङ क्याम्पस गुणस्तरसहितको उच्च शिक्षा हासिल गर्ने शैक्षिक थलो हो । यहाँका प्राध्यापकहरू गुणस्तरीय शिक्षणका लागि सँधै प्रतिवद्ध छन् । हामी व्यवस्थापकीय युनिट पनि गुणस्तरीय शिक्षण सिकाइका लागि कुनै 'कम्परमाइज' गर्दैनौ । उदाहरण थुप्रै हेर्न सक्नुहुन्छ । यहाँ पढेका विद्यार्थीहरू प्रोफेसर भएकाछन्, ठूला वित्तिय संसथाका प्रबन्धकहरू भएका छन् । यहाँ अध्ययन गरेका विद्यार्थीहरू धेरै ठाउँमा प्रतिस्पधाबाट छनोट भई रोजगरमा छन् । त्यसैले यस क्याम्पसको शिक्षा गुणस्तरीय छ भन्नेमा आम अभिभावक तथा विद्यार्थीहरूलाई जानकारी गराउन चाहान्छु ।

**यहाँ कुन-कुन विषय पढ्न पाइन्छ ?**

- पालुङ बहुमुखी क्याम्पसमा व्यवस्थापन र मानवीकी संकाय अध्यापन हुन्छ । यहाँ ऐच्छिक विषय अंग्रेजी, समाजशास्त्र, नेपाली र अर्थशास्त्र अध्ययन गर्न सकिन्छ ।

**यी विषय बढ्न त जागिर खाँदै अन्यत्र पनि पाइन्छ नि ?**

- मैले अघि पनि भने,-'यो तपाई हामी सबैको साँझा शैक्षिक धरोहर हो ।' यहाँका अधिकांश मानिसहरू खेतीपातीमै संलग्न छन् । विद्यार्थी उमेरका व्यक्तिहरू पनि पढाईको अलवा परिवारको कृषि पेशालाई सहयोग गरिरहेका हुन्छन् । त्यसकारण पनि घरको कृषि कर्म गर्दै यहाँ उच्च शिक्षा अध्ययन गर्न सहजता छ । यस कारण पनि म यहाँ अध्ययनका लागि आव्हान गर्दछु । आफ्नो परिवारसंगै रहेर घरको काम गरेर अध्ययन गर्न पाउने शैक्षिक संस्था भनेको यहि हो । हुनत काठमाण्डौं लगायतका अन्य शहरमा रोजगारी सहित अध्ययन गर्न पाइएला तर यहाँको जस्तो पारिवारिक वातावरण पाईदैन । तसर्थ, घरैमा स्वरोजगार हुँदै घरछेवैमा रहेको पालुङ क्याम्पसमा अध्ययन गर्न पाइने भएकोले अन्यत्र भन्दा निकै फरकपन महशुस गर्न सकिन्छ ।

**पालुङ क्याम्पसमा आकर्षण किन कमी आएको होला ?**

- यो बुझाइमा कमजोर भयो होला भन्ने लाग्दछ । पालुङ क्याम्पसप्रति आकर्षण नभएको होइन की क्याम्पसले आफ्ना सेवा र गुणस्तरीयताको सवाल बाहिर लैजान नसकेको भन्ने लाग्छ । अब तपाइहरू जस्तो संचार माध्यमले यि कुराहरूलाई उजागर गरिदिनु पऱ्यो । पालुङ बहुमुखी क्याम्पसको पहिलो कुरा त सेवा क्षेत्र नै कम छ । नगरमा जम्मा ५ वटा उच्च मावि रहेका छन् । यि मध्ये सुन्दरीदेवी माविको प्राविधिक धार बाहेक अन्य विद्यालयबाट उतीर्ण विद्यार्थीहरू नै पालुङ बहुमसखी क्याम्पसको स्रोत विद्यालय हुन् । उतीर्ण विद्यार्थीहरू मध्ये कतिपयलाई उनीहरूले छनोट गरेको विषय नभएका कारण पालुङ क्याम्पसमा आउन सकेका छैनन् । केही क्याम्पसको गुणस्तरीयतालाई बुझ्न नसकेर पनि बाहिरिएका छन् । त्यसैले क्याम्पसप्रति नै आकर्षण नभएको भने भन्न मिल्ने अवस्था छैन । बरू, हामी थप आकर्षका कार्यक्रमहरू पनि अघि सारिरहेका छौं ।

**थप आकर्षणका कार्यक्रम भन्नाले कस्तो ?**

- हाम्रो धरातल पहाडी छ । थोरै दुरी पार गर्न पनि पुर्वाधार विकासको अभावले असहज छ । विद्यार्थीहरू भौगोलिक विकता र सार्वजनिक यातायातको सहज पहुँच अभावका कारण क्याम्पसमा आउन सकिरहेका छैनन् । क्याम्पस र विद्यार्थीबीचको दुरी छोट्याउन अर्थात सजिलै क्याम्पससम्म आइपुग्नको लागि हामी बसको व्यवस्था गर्दैछौं । थाहा नगरपालिकाको चित्लाङ-बज्रवाराही क्षेत्रबाट बस लगाउने र विद्यार्थीहरूलाई सहजै क्याम्पससम्म आइपुग्ने वातावरण बनाउने छु । यहि शैक्षिक सत्रबाट बस संचालनको लागि थाहा नगरपालिका र जनकल्याण माविसंग क्याम्पसले आवश्यक सहकार्य गरिरहेको जानकारी गराउँछु । त्यस्तै बुहारीहरूको लागि मासिक शुल्कमा छुट दिने व्यवस्था गरेको छु । छात्रवृत्तिलगायतका अन्य कार्यक्रमहरू पनि राखेको छु ।

**नयाँ भर्ना हुने विद्यार्थीको लागि फरकपन के छ ?**

- हामी उच्च शिक्षा हासिल गर्ने सम्पुर्णलाई पालुङ क्याम्पसमा स्वागत गर्न चाहान्छौ । उहाँहरूको शिक्षाको विषयमा जहिल्यै चिन्तित हुन्छौं । शैक्षिक गुणस्तरको लागि हामी जहिल्यै प्रतिवद्ध हुन्छौं । उत्कृष्ट अंक ल्याई यस क्याम्पसमा भर्ना हुन आउने विद्यार्थीलाई हामीले विशेष छुटको व्यवस्था गरेका छौं । र, अन्तमा भन्न चाहान्छु घरछेवैको क्याम्पसमा अध्ययन गरी गुणस्तरीय शिक्षा हासिलका लागि म पालुङ बहुमुखी क्याम्पसमा भर्ना हुनको लागि सम्पूर्णमा हार्दिक अनुरोध गर्दछु ।

# विकास घरमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना



◆ विकास संवाददाता

नागरिक आरोग्य सेवा केन्द्रको शुभारम्भ भएको छ । मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको विकास घरमा सेवा केन्द्रको एक समारोहकाबीच थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टले उद्घाटन गरेका हुन् । नारायणी आयुर्वेदिक औषधालयले थाहानगरमा सेवा केन्द्र स्थापना गरेको हो । विकास घरमा स्थापना गरिएको सेवा केन्द्रमा एक कविराजसहित ३ जना कर्मचारी रहने औषधालयले जनाएको छ ।

आयुर्वेदिक उपचार पद्दतीको सेवा केन्द्र नगरमा पहिलो पटक स्थापना भएको र यसको विस्तारका लागि आफूले सक्दो सहयोग गर्ने नगर प्रमुख लवशेर विष्टले बताए । सेवा केन्द्रलाई पछि अस्पतालकै रूपमा विकास गर्न नगर तयार रहेको विष्टले बताए । जिल्लामा ४ वटा सेवा केन्द्रको विस्तारका क्रममा थाहानगरमा एउटा सेवा केन्द्र विस्तारको लागि अनुरोध गर्दै आएको बताउँदै स्थापना भएकोप्रति खुशी व्यक्त गरे । नागरिक आरोग्य सेवा केन्द्रले सर्वसाधारण नागरिकलाई आयुर्वेदिक औषधिको महत्वबारे बुझाउनु पर्ने विष्टले बताए ।

कार्यक्रमा आरोग्य सेवा केन्द्रका नेकपा थाहानगर अध्यक्ष अरूण रायमाझी, नेपाली काँग्रेसका नगर सभापती योगेन्द्र मान श्रेष्ठ, राप्रपाका नगर अध्यक्ष हरेराम कार्की, नेकपा बागमती प्रदेश सचिवालय सदस्य बिष्णु बिष्ट आदर्श, थाहा नगरपालिका वडा न ३ का वडा अध्यक्ष राजेश केसी, वडा न ४ का वडा अध्यक्ष दिपक सिंह लामा, थाहा नगर पालिकाका प्रशासन महाशाखा प्रमुख अजित घिमिरे, स्वास्थ समयोजक मेघराज बलामीलगायतकाको आतिथ्यता रहेको थियो । नारायणी अञ्चल आयुर्वेदिक औषधालयका शकुन्तला पराजुलीले स्वागत गरेको कार्यक्रम औषधालयका डाक्टर सृष्टि श्रेष्ठको सभाध्यक्षताामा सम्पन्न भएको थियो ।

# छ्युमी झ्याङछुप गुम्बा पुर्ननिर्माण हुने

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको प्रसिद्ध ऋषेश्वर क्षेत्रमा पर्ने गुम्बा पुर्ननिर्माणमा पुरातत्व विभागले चासो देखाएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत र हेको पुरातत्व विभागले ऋषेश्वर क्षेत्रमा र हेको छ्युमी झ्याङछुप गुम्बा पुर्ननिर्माणमा चासो देखाएको हो । गुम्बा पुर्ननिर्माणको संभाव्यताको विषयमा १७ माघमा विभागका उपसचिव भगवान अर्याल सहितको टोलीले स्थलगत अवलोकन गरेको छ ।

वि.सं. २०७२ सालको भुकम्पबाट क्षति पुगेको गुम्बा पुर्ननिर्माणका लागि पुरात्व विभागले बजेटको व्यवस्था गर्ने उपसचिव अर्यालले प्रतिवद्धता व्यक्त गरे । विभागले भुकम्पले क्षति पुऱ्याएका सम्पदाहरूको संरक्षण एवं पुर्ननिर्माण सम्बन्धी आधारभूत निर्देशिका, २०७२ बमोजिम सम्पदाको पुनिर्माण हुने विभागले जनाएको छ । सो अवसरमा थाहा नगरपालिकाका उपप्रमुख खड्ग गोपालीले धार्मिक र ऐतिहाँसिक सम्पदाको संरक्षणका लागि सहयोग गरिदिन आग्रह गरे ।

स्थलगत निरीक्षणमा उपप्रमुख गोपाली, पुरात्व विभागका उपसचिव अर्याल, लेखा प्रमुख राजन रेग्मी, थाहा-४ का वडा अध्यक्ष दिपकसिं लामा, स्थानीय समाजसेवी बिनोद लामालगायत सहभागी थिए ।

हिन्दु तथा बौद्ध धर्मावलम्बीको आस्था संगम ऋषेश्वरको सम्पदा संरक्षण तथा प्रवर्द्धनको लागि यस अघि थाहा नगर पालिकाले विस्तृत परियोजना प्रस्ताव (डिपीआर) निर्माण गरी राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण लगायतको निकायहरूमा प्रस्तावना सहित पेश गरेको थियो । नगर मात्र नभई देशकै महत्वपूर्ण सम्पदाको रूपमा रहेको ऋषेश्वर क्षेत्रको संरक्षण र प्रचारप्रसारका लागि नगरपालिकाले सरकारी तथा गैर सरकारी विकास साँझेदारहरूलाई आग्रह गर्दै आएको नगर प्रमुख लवशेर विष्टले जानकारी दिए ।

## सम्वृद्धिको पहिलो ... ..

पुऱ्याउने तयारी भैरहेको जानकारी दिए ।

विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष राजिव कुमार स्याङतानको अध्यक्षतामा भएको कार्यक्रममा, इन्द्रायणी माध्यामिक विद्यालयका शिक्षक कल्याण बिक्रम घलान, विद्यालय व्यवस्थापन समितिको अध्यक्षको तर्फवाट मत्स्यनारायण माविका नवराज बिष्ट, लगायतले मन्तव्य व्यक्त गरे । वार्षिक उत्सवको अवसरमा थाहानगर भरिका कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरूको चित्रककला, ८ कक्षासम्मको वक्तृत्वकला, र माविस्तरीय सामुहिक नृत्य प्रतियोगिता भएको थियो ।

कार्यक्रममा नेकपा बागमती प्रदेश सचिवालय सदस्य बिष्णु बिष्ट 'आदर्श', थाहा-३ वडा अध्यक्ष राजेश के.सी., ५ नम्बर वडा अध्यक्ष बिष्णु बहादुर गुरूङ, लगायत स्थानिय संघसंस्था प्रमुख तथा प्रतिनिधि आतिथ्य रहेको थियो ।

## बाल विवाहसम्बन्धी नेपल सरकारा कानूनी प्रावधानहरु

विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन। यस विपरित भएको विवाह स्वत: बदर हुनेछ।

*- मुलुकी अपराध संहिता, २०७४ दफा १७३ उपदफा १ र २*

**बालविबाह गरे गराए हुने सजाँय :**

बीस वर्ष उमेर नपुगी विवाह गर्ने र गराउने दुबै व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

*- मुलुकी अपराध संहिता, २०७४ दफा १७३ उपदफा (३)*

बालबालिकाकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्य बालबालिका विरूद्धको कसुर गरेको मानिनेछ।

*- बालबालिका सम्बन्धी ऐन २०७५ दफा ६६ उपदफा (२) खण्ड (ण)*

**बाल विवाह गराए हुने सजाँय :**

पचहत्तर हजार रुपैया सम्म जरिवाना र तीन वर्ष सम्म कैद हुनेछ।

**कसले, कहाँ र कति समयभित्र उजुरी गर्ने ?**

पीडित वा जो कोहीले नजिकको प्रहरी कार्यालयमा बाल विवाह गराए, गरेको थाहा पाएको मितिले तीन महिना भित्र उजुरी दिई सक्नु पर्नेछ।

*- मुलुकी अपराध संहिता, २०७४ दफा १७६*

बालबालिका विरूद्धको कसुरको सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद स्वयम् पीडित बालबालिका अठार वर्ष पूरा भएको मितिले एक बर्षसम्म कायम रहनेछ।

*- बालबालिका सम्बन्धी ऐन २०७५ दफा ७४ उपदफा २*

**थाहा नगरपालिका**
**सामाजिक विकास शाखा**
इन्द्रायणी चौर, मकवानपुर

## धार्मिक कार्यका लागि आर्थिक सहयोगको आव्हान

धार्मिक तथा ऐतिहाँसिक एवं पर्यटकीय क्षेत्रको महत्वपूर्ण स्तम्भ थाहा नगरपालिकामा विभिन्न मठमन्दिर एवं तीर्थ स्थलहरु रहेको छ। यस क्षेत्रमा अधिकांश हिन्दु धमावलम्वीहरुको जनघनत्व रहेको व्यहोरा विदितै छ। थाहा नगरपालिका वडा नम्बर ३ घर्तिखोलाको दम्कीमा हिन्दु धर्मावलम्बीहरुको आराध्यदेव लक्ष्मी नारायणको मन्दिर निर्माण गर्ने अभियानको प्रारम्भ यहाँको स्थानीय समाजसेवी, बुद्धिजीवीहरुको संलग्नतामा हुन लागेको व्यहोरा अवगत गराउँदछु। थाहा नगरपालिका क्षेत्रभित्र हालसम्म लक्ष्मी नारायणको मन्दिर नभएको र यस क्षेत्रमा उक्त मन्दिर निर्माण हुँदै धार्मिक पर्यटकीय क्षेत्रको विकास हुने कुरामा दुई मत नहोला। यसर्थ, लक्ष्मी नारायण मन्दिरको लागि तपाईबाट आर्थिक सहयोग उपलब्ध गराई यस महान अभियानलाई सार्थक तुल्याउनुहुन सादर अनुरोध छ।

**कमलकुमार केसी**
**(अध्यक्ष)**


**लक्ष्मी नारायण निर्माण समिति**
**थाहा-३, घर्तिखोला मकजानपुर**




## NOVEL CORONA VIRUS (nCOV)

### सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेलकोरोनाभाइरसका मुख्य लक्षणहरू



ज्वरो
(१००.४°F भन्दा माथि)

श्वास प्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

*"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"*

### नोवेल कोरोनाभाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने



खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने



यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने



जंगली तथा घरेलु पशुपन्छी हरुसँग असुरक्षित सम्पर्कबाट टाढा रहने



पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने



**नोवेल कोरोना भाइरस भनेको के हो ?**

यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ। यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ।

**के मानिसमा जनावरहरूबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ?**

नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै वैज्ञानिक आधार हाल छैन।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन्?**

सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन्। दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन्। सबैभन्दा महत्त्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ ?**

मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म बैज्ञानिक तवरले पुष्टी भएको छैन। हाल यस बिषयमा अनुसन्धान भइरहेको छ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ ?**

अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन। एउटै परिवारका सदस्यहरू बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ। साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ ?**

सामान्यत: यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन। तथापि रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ।

**के कोरोना भाइरसको लागि उपचार छ ?**

नोवेल कोरोनाभाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन। यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरूको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ। साथै यस भाइरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन।

**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय, स्वास्थ्य शाखा, इन्द्रायणी चौर, मकवानपुर**

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी